**आकाशवाणी समाचार- नेपाली**
**मितिः १६ अक्तूबर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मूले प्रधानमंत्री नरेंद्र मोदीको सल्लाहमा केंद्रीय मंत्रिपरिषदबाट डॉ. एल. मुरुगनको राजिनामा तत्काल प्रभावबाट स्वीकार गर्नुभएको छ।

- गृह मंत्री अमित शाहले मादक पदार्थ नियंत्रण सम्बन्धि विजन दस्तावेज वर्ष 2026-29 अंतर्गत सरकार नशालु पर्दार्थहरुको नेटवर्क अनि यसको वित्तीय आधारलाई समाप्त गर्नको लागि प्रतिबद्ध रहेको बताउनुभएको छ।

- विदेश मंत्री सुब्रह्मण्यम जयशंकरले वैश्वीकरणको प्रक्रियालाई पल्टाउन नसकिने तर यसको समाधानका लागि अधिक लचीलो अनि दह्रिलो व्यवस्था विकसित गर्न पर्ने बताउनुभएको छ।

- हिमाचल प्रदेशको धर्मशालामा आजदेखि ई-गवर्नेंस सुधारहरु माथि दुई दिनको राष्ट्रीय सम्मेलन आयोजित गरिनेछ।

- भारतीय महिला क्रिकेट टीमले आज रायपुरमा जिम्बाब्वे बिरुद्ध तीन टी-20 म्याचहरुको श्रृंखलाको पहिलो म्याच खेल्नेछ।

**राष्ट्रपति मुर्मू – एल. मुरुगन इस्तीफा**

राष्ट्रपति द्रौपदी मुर्मूले प्रधानमंत्री नरेंद्र मोदीको सल्लाहमा केंद्रीय मंत्रिपरिषदबाट डॉ. एल. मुरुगनको राजिनामा तत्काल प्रभावबाट स्वीकार गर्नुभएको छ। राष्ट्रपति भवनको तर्फबाट जारी प्रेस विज्ञप्तिमा भनिएको छ – संविधानको अनुच्छेद 75 को खंड (2) अन्तर्गत उहाको राजिनामा स्वीकार गरिएको छ। डॉ. मुरुगनले आफ्नो राजिनामा सुम्पिनु हुँदै भन्नुभएको थियो कि उहाँ जमीनी स्तरमा फर्किनु चाहनुहुन्छ , पार्टी कार्यकर्ताहरुसित रहन चाहनुहुन्छ अनि बर्ष 2029 को लोकसभा चुनाव पुर्व तमिलनाडुमा भारतीय जनता पार्टीलाई बलियो बनाउनको लागि आफ्नो पूरा समय समर्पित गर्न चाहनुहुन्छ।

**शाह-असम पुलिस**

गृह मंत्री अमित शाहले मादक पर्दार्थहरु अनि नशालु पर्दार्थहरुको नेटवर्क बिरुद्ध लगातार कार्रवाहीको लागि असमका मुख्यमंत्री हिमंत बिस्वा सरमा अनि असम पुलिसलाई बधाई दिनुभएको छ। यस अवधि 900 भन्दा अधिक मानिसहरुलाई पक्राउ गरियो , 500 भन्दा अधिक मामला दर्ता गरियो अनि **180 करोड़ रुपियाँ भन्दा** अधिकको मादक पदार्थ जफत गरियो। लगभग **31 करोड़ रुपियाँको** संपत्तिहरु जफत गर्ने प्रक्रिया जारी छ। श्री शाहले भन्नुभयो - मादक पदार्थ नियंत्रण सम्बन्धि विजन दस्तावेज वर्ष 2026-29 अंतर्गत सरकार नशालु पर्दार्थहरुको नेटवर्क अनि यसको वित्तीय आधारलाई समाप्त गर्नको लागि प्रतिबद्ध छ।

**गोयल-व्यापार केंद्र**

वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले नयाँ दिल्लीमा राष्ट्रीय रणनीतिक व्यापार कमान केंद्र -एन.एस.टी.सी.सी. को शुभारंभ गर्नुभयो। यस केंद्रको उद्देश्य एकीकृत डेटा विश्लेषण अनि तथ्यहरु माथि आधारित निर्णय प्रक्रियाको माध्यमद्वारा भारतको अंतरराष्ट्रीय व्यापारको निगरानी, विश्लेषण अनि प्रबंधनलाई बलियो बनाउनु हो। वाणिज्य अनि उद्योग मंत्रालयका अनुसार यस केंद्रले वरिष्ठ नीति निर्माताहरु अनि सरकारी अधिकारिहरुलाई भारतको व्यापार प्रदर्शन, निर्यात प्रोत्साहन योजनाहरु , नियामक स्वीकृतिहरु , आवेदनहरुको समाधान अनि अन्य कार्यहरुसित सम्बन्धित प्रमुख आकडाहरुको

एकीकृत जानकारी उपलब्ध गराउनेछ । यस केंद्रमा  विदेश व्यापार महानिदेशालय-डी.जी.एफ.टी. को प्रमुख कार्यहरुसित सम्बन्धित डैशबोर्ड सामेल हुनेछ । यसमा आयातक-निर्यातक कोड, अग्रिम प्राधिकरण, निर्यात प्रोत्साहन पूंजीगत वस्तु योजना, उत्पत्ति प्रमाणपत्र, एस.सी.ओ.एम.ई.टी. प्रतिबंधित वस्तुहरुको आयात-निर्यात अनि व्यापारलाई सहज बनानुसित सम्बन्धित प्रक्रियाहरुको जानकारी सामेल हुनेछ ।

**दुबई - जयशंकर**

विदेश मंत्री सुब्रह्मण्यम जयशंकरले भन्नुभएको छ – वैश्वीकरणको प्रक्रियालाई पल्टाउन सकिंदैन तर यसको समाधानको लागि अधिक लचीलो अनि  दहिलो व्यवस्था विकसित गर्न पर्नेछ । उहाले भारत-मध्य पूर्व-यूरोप आर्थिक कोरीडोरलाई एउटा यस्तो पहल बताउनु भयो जसले क्षेत्रीय संपर्कबारे सोचलाई अघिबाटै प्रभावित गरिरहेको छ ।         अबू धाबीमा रायसीना मिडिल ईस्ट कार्यक्रममा डॉ. जयशंकरले भन्नुभयो - प्रतिस्पर्धा तिब्र भएको छ , परिवहन अनि संपर्कको नयाँ अवरोध अघि आएको छ अनि आफ्नो लाभको प्रयोग गर्ने प्रवृत्ति बढेको छ । कार्यक्रमदेखि छुट्टै डॉ. जयशंकरले युवा भारतीय प्रौद्योगिकी उद्यमिहरु अनि स्टार्टअप संस्थापकहरुसित पनि भेट गर्नुभयो ।

**जनसेवाको 25 साल**

प्रधानमंत्री नरेन्द्र मोदीले जनसेवाको 25 वर्ष पूरा गर्दै हुनु हुन्छ। यो यात्रा जनसेवाद्वारा देशसेवाको मंत्र अनि अटूट प्रतिबद्धताबाट प्रेरित छ, जो अझ पनि जारी छ। सेवा र सुशासनको यसै दृष्टिले प्रेरित भएर केन्द्र सरकारले वर्ष 2047 सम्म विकसित भारतको लक्ष्यलाई प्राप्त गर्ने दिशामा लगातार काम गरिरहेको छ। समावेशी विकास अनि सामाजिक सशक्तिकरणको माध्यमले मानिसहरूको जीवनमा ठूलो परिवर्तान ल्याइरहेको छ। आज यस विशेष श्रृंखलामा, हामीले रियल इस्टेटमा नियमन र विकासबारे कुरा गर्ने छौं जसले घर निर्माता र घर किन्नेहरु बीचको विश्वास र सुरक्षालाई अझ बलियो बनाएको छ।

BYTE

संसदले २०१६ मा रियल इस्टेट (नियमन र विकास) ऐन लागू गर्‍यो, जसले राज्यहरूमा रियल इस्टेट नियामक प्राधिकरण (RERA) स्थापनाको लागि मार्ग प्रशस्त भयो। यस ऐन अन्तर्गत,  रियल इस्टेट विकासकर्ताहरूले कानूनको लागू प्रावधानहरूको अधीनमा रही सम्पत्तिको विज्ञापन, बजार वा बिक्री गर्न सक्नु अघि घर जग्गा परियोजनाहरूलाई नियामक प्राधिकरण समक्ष दर्ता गराउनुपर्छ। RERA ले रियल इस्टेट विकासकर्ताहरू र घर खरीददारहरू बीचको विवादलाई सम्बोधन गर्न नियामक संयन्त्र प्रदान गर्दछ, जसले घर जग्गा क्षेत्रमा बढी पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दछ।
प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नु हुन्छ कि RERA ले घर खरीदकर्ताहरू र रियल इस्टेट विकासकर्ताहरू बीचको विश्वासलाई सुदृढ पार्न महत्त्वपूर्ण भूमिका खेलेको छ।

[

**ई-गवर्नेंस- राष्ट्रीय सम्मेलन**

हिमाचल प्रदेशको धर्मशालामा आजदेखि ई-गवर्नेंस सुधारहरु माथि दुई दिनको राष्ट्रीय सम्मेलन आयोजित गरिनेछ । सम्मेलनमा देशभरिका वरिष्ठ सरकारी अधिकारी अनि विशेषज्ञ, ई-गवर्नेंस सुधारहरु , डिजिटल बदलाव, नवाचार अनि प्रभावी प्रशासनिक प्रक्रियाहरुलाई अपनाउने बिषय माथि  विचार-विमर्श गरिनेछ ।कार्मिक, लोक शिकायत अनि पेंशन मंत्रालयले भनेको छ – यो सम्मेलन उत्तरदायी, पारदर्शी, कुशल अनि प्रौद्योगिकी आधारित शासन व्यवस्थालाई बलियो बनाउनको लागि सामूहिक प्रयासहरुलाई बढ़ावा दिनेछ । मंत्रालयले बताए अनुसार सम्मेलनमा  विभिन्न राज्यहरु , जिल्लाहरु अनि सरकारी संगठनहरुलाई आफ्नो अनुभव साझा गर्ने , विचारहरुको आदान-प्रदान गर्ने तथा सफल पहलहरु अन्य क्षेत्रहरुमा लागू गर्ने संभावनाहरु माथि चर्चा गर्ने अवसर पनि प्राप्त हुनेछ ।

**विकसित भारत निबंध**

युवा कार्यक्रम अनि खेल मंत्रालयले विकसित भारत निबंध प्रतियोगिताको दोस्रो चरणमा निबंध जमा गर्ने अंतिम तारीख बढ़ाएर 22 अक्तूबर गरेको छ ।मंत्रालयले बताए अनुसार विकसित भारत यंग लीडर्स डायलॉग 2027 लाई देशभरिबाट उत्कृस्ट

प्रतिक्रिया प्राप्त भएको छ । चयन प्रक्रिया अंतर्गत विकसित भारत क्विजमा अहिलेसम्म एक करोड़ 45 लाख भन्दा अधिक पंजीकरणको प्रयास दर्ता गरियो । मंत्रालय अनुसार, क्विजमा सफल रहेका लगभग पांच लाख 70 हजार युवाहरु विकसित भारत निबंध प्रतियोगितामा पुगेका छन् । यस चरणमा उनीहरुले आफ्नो क्षेत्रका लागि निर्धारित विषयमा 500 शब्दहरुको निबंध माय भारत पोर्टलमा जमा गर्न पर्नेछ ।मंत्रालयले युवाहरुसित अपील गरेको छ कि उनीहरुले आगामी 22 अक्तूबरसम्म आफ्नो निबंध जमा गरुन ।

**भारतीय महिला क्रिकेट**

भारतीय महिला क्रिकेट टीमले आज रायपुरमा जिम्बाब्वे बिरुद्ध तीन टी-20 म्याचहरुको श्रृंखलाको पहिलो म्याच खेल्नेछ । म्याच भारतीय समयानुसार साझ 7 बजे देखि खेलिनेछ । श्रृंखलाको दोस्रो म्याच 18 अक्टूबर अनि तेस्रो म्याच 20 अक्टूबरमा हुनेछ । तिनैवटा टी-20 म्याचहरुमा महिला दर्शकहरुलाई स्टेडियममा निःशुल्क प्रवेश दिईनेछ । टी-20 श्रृंखला पछि दुवै टीम बीच तीन एकदिवसीय अंतरराष्ट्रीय म्याच पनि खेलिनेछ । यी म्याचहरु 23, 25 अनि 28 अक्टूबरमा वडोदराको कोटांबी स्थित बीसीए स्टेडियममा खेलिनेछ ।